ईमेल: idokanchanpur@gmail.com
Website: idokanchanpur.sudurpashchim.gov.np
फोन नं : 099-524278,520609

सुदूरपश्चिम प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय

# पूर्वाधार विकास कार्यालय

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
कञ्चनपुर

पत्र संख्या : ०८२/०८३
च न १०२५

मितिः २०८३।०१।०३

विषयः सूचनाको हक सम्बन्धि विवरण पठाइएको बारें।

श्री जिल्ला प्रशासन कार्यालय महेन्द्रनगर, कन्चनपुर
श्री जिल्ला हुलाक कायालय महेन्द्रनगर, कन्चनपुर

उपरोक्त सम्बन्धमा यस कार्यालयको आ.व. २०८२/०८३को तेश्रो त्रैमासिक अवधि २०८२ साल चैत्र मसान्त सम्मको सार्बजनिक गर्नुपर्ने सूचनाकोहक सम्बन्धी विवरण तयार गरि यसैपत्र साथ संलग्न राखी पठाइएको ब्यहोरा अनुरोध गरिन्छ ।

२०८३।०१।२।

(लक्ष्मणराज जोशी)
लेखा अधिकृत

"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"

Scanned with CamScanner

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

२०८२ माघ देखी २०८२ चैत्र मसान्त सम्म.

(आ.व.२०८२।०८३ को तेस्रो त्रैमासिक अवधिसम्मको)

सम्पादित प्रमूख क्रियाकलापहरुको विवरण

सूदूरपश्चिम प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

यातायात पूर्वाधार निर्देशनालय

**पूर्वाधार विकास कार्यालय कन्चनपुर**



Scanned with CamScanner

१.पूर्वाधार विकास कार्यालय कन्चनपुरको स्वरुप र प्रकृतिः

सुदूर पश्चिम प्रदेश सरकार अन्तरगत रहेको भौतिक पूर्वाधार विकास मन्त्रालय २०७४ फाल्गुन बाट स्थापना भए पश्चात सो मन्त्रालय अन्तरगत गठित पूर्वाधार विकास कार्यालय, कैलाली मातहतमा यस कञ्चनपुर जिल्ला कार्यक्षेत्रमा रहेको थियो । तत पश्चात मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको मिति २०७६।०८।१३ गतेको निणर्यानुसार यो पूर्वाधार विकास कार्यालय, कञ्चनपुर मिति २०७६।०९।१६ गतेबाट स्थापना भई सञ्चालनमा आएको हो। कन्चनपुर जिल्ला कार्यक्षेत्र रहेको यो कार्यालयले सडक, पूल लगायत भौतिक पूर्वाधार निर्माण सँग सम्बन्धित प्रकृतिका योजनाहरुको कार्यान्वयन गर्ने गर्दछ ।

## २. पूर्वाधार विकास कार्यालय कन्चनपुरको काम, कर्तब्य र अधिकार

- सुदूर पश्चिम प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालयबाट प्राप्त स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कञ्चनपुर जिल्ला अन्तर्गत रहेका सडक, पुल ,कल्भर्ट लगायतका योजनाहरुको कार्यान्वयन गर्ने गराउने।
- विशेषत मन्त्रालयबाट प्राप्त स्वीकृत कार्यक्रम अनुसार योजनाहरुको निर्माण, तथा स्तोरन्नती कार्यहरु सञ्चालन/ कार्यान्वयन गर्ने गराउने ।
- यस कार्यालयबाट सँचालित योजनाहरुकोलागि प्रयोग गर्न लागिएका निर्माण सामाग्री तथा निर्माण कार्यको गुणस्तर परिक्षण गर्ने गराउने।

## ३. पूर्वाधार विकास कार्यालय कन्चनपुरमा रहने कर्मचारी सँख्या र कार्य विवरण

क) पूर्वाधार विकास कार्यालय कन्चनपुरको स्वीकृत दरवन्दी विवरण

| क. स. | पद | श्रेणी / तह | सेवा /समूह / उपसमूह | स्वीकृत दरवन्दी सँख्या | पदपूर्ति सँख्या | रीक्त दरवन्दी सँख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | इन्जिनियर | अधिकृतस्तर ७/८ | नेपाल इन्जिनियरिङ्ग/ सिभिल / जनरल | १ | १ | ० | संघ बाट काजमा रा .प तृतीय ईन्जिनियर |
| २. | सब इन्जिनियर | सहायकस्तर/ अधिकृतस्तर ५/६ | नेपाल इन्जिनियरिङ्ग/ सिभिल / जनरल | ३ | ३ | ० | दुइ जना हाल यस कार्यालयमा काजमा रहेका छन |
| ३. | ना. सु. | सहायकस्तर/ अधिकृतस्तर ५/६ | नेपाल प्रशासन / सामान्य प्रशासन | १ | १ | ० | |
| ४. | लेखापाल | सहायकस्तर/ अधिकृतस्तर ५/६ | नेपाल प्रशासन / सामान्य प्रशासन / लेखा | १ | १ | ० | |
| ५. | हलुका सवारी चालक | श्रेणी बिहिन | नेपाल इन्जिनियरिङ्ग / मेकानिकल / ज. मे. | १ | १ | ० | रिक्त दरबन्दिमा करार सेवाबाट पदपूर्ति गरिएको |
| ६. | कार्यालय | श्रेणी बिहिन | नेपाल प्रशासन / | १ | १ | ० | रिक्त दरबन्दिमा करार |



Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सहयोगी | | सामान्य प्रशासन | | | | सेवाबाट पदपूर्ति गरिएको |
| जम्मा | | | | ८ | ८ | ० | |

## ख) पूर्वाधार विकास कार्यालय कन्चनपुरको सँगठन सँरचना

**कार्यालय प्रमुख**
(इन्जिनियर)
(नेपाल ईन्जिनियरिङ्ग / सिभिल / जनरल)
सातौं तह १ जना

↓

**अधिकृत / ना. सु**
(ने. प्रशासन । सामान्य प्रशासन)
अधिकृतस्तर/सहायकस्तर ६/५ तह
१ जना

**अधिकृत /ले. पा.**
(ने. प्रशासन / सा. प्र. / लेखा )
अधिकृतस्तर/सहायकस्तर ६/५ तह
१ जना

**अधिकृत / स. ईन्जिनियर**
(ने.ईन्जिनियरिङ्ग/सिभिल /जनरल)
अधिकृतस्तर/सहायकस्तर ६/५ तह
३ जना

↓

हलुका सवारी चालक -१ जना
कार्यालय सहयोगी -१ जना

## ग) पूर्वाधार विकास कार्यालय कन्चनपुर अन्तरगत रहेका फाँट र शाखाहरु

| क्र. सं. | कार्यकक्ष तथा शाखाहरु | क़ोठा नं. | कैफियत |
|---|---|---|---|
| १ | कार्यालय प्रमुख | ३ | |
| २ | प्रशासन शाखा | १ | |
| ३ | प्राविधिक शाखा | २, ५ | |
| ४ | आर्थिक प्रशासन शाखा | ४ | |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ५ | ल्याव फाँट | ६ | |
| ६ | शभाहल | ८ | |

## ४ पूर्वाधार विकास कार्यालय कन्चनपुरबाट प्रदान गरिने सेवाहरु

- सुदूर पश्चिम प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय बाट स्वीकृत भई आएको वार्षिक कार्यक्रम अनुसार भौतिक पूर्वाधार निर्माण सँग सम्बन्धित सडक ( नयाँ ट्र्याक खोल्ने तथा सडक स्तरोन्नती गर्ने लगायत), पूल ( मोटरेवल पुल, कल्भर्ट लगायत ) एक बर्षे तथा बहु बर्षिय योजनाहरुको डी. पी. आर., सर्भे, डिजाईन, ल. ई., बोलपत्र आह्वान लगायत निर्माण सँग सम्बन्धित सम्पूर्ण प्राविधिक र प्रशासनिक कार्यहरु ।
- यस कार्यालयबाट निर्माणाधीन योजनाहरुको निर्माण कार्य तथा निर्माण सामग्रीको गुणस्तर परीक्षण सम्बन्धी कार्य ।

### ५. निर्णय गर्ने प्रकृया र अधिकारी

कार्यालयले कार्य फछ्र्यौटको क्रममा सामान्य प्रकृतिका विषयमा सम्वन्धित पत्रमा नै आदेश गरी निर्णयमा पुग्ने र कानुनी राय उपलब्ध गराउने जस्ता विषयमा सम्बन्धित शाखाको कर्मचारीबाट टिप्पणी उठान भई कार्यालय प्रमुखबाट निर्णय प्रक्रिया हुने गरिएको

## ६.निर्णय उपर उजुरी सुन्ने अधिकारी

प्रचलित कानूनमा भएको ब्यवस्था बमोजिम कार्यालय प्रमुख

## ७. सम्पादन गरेका मूख्य मूख्य कामको विवरण:

आ. व. २०८२।०८३ को चैत्र मसान्तसम्म सम्पादन गरिएका मूख्य मूख्य कामहरु :
जिल्ला स्थित बिभिन्न स्थानीय निकाय तथा वडाहरु र सम्बन्धित उपभोक्ताहरुसँग समन्वय गरी चालु आ. व. मा स्वीकृत भै आएका योजनाहरुको सर्भे, डिजाईन, ल.ई.तयार गरि ठेक्कापट्टा हुदै आएको र विवाद देखिएका योजनाहरुमा स्थानीय निकायहरु सित समन्वय सहजीकरण लगायतका कार्यहरु सन्चालन गरि कार्यक्रम कार्यान्वयन गर्ने गरिएको ।

- बहुबर्षीय आयोजना तथा गत बिगत आ. व. देखि क्रमागत रुपमा निर्माणाधीन चरणमा रहेका योजना निर्माण सँचालन सम्बन्धी सम्पूर्ण कार्यहरु।
- आ.व.२०८२।०८३ प्रदेशमा बहुबर्षिय योजना संख्या ४५ र प्रदेश गौरवका योजना संख्या १ चालु आ.व २०८२/०८३ मा ठेक्का भएका जम्मा योजना १४२ मध्ये १२४ वटा योजनाहरुको सम्झौता भै सकेको र गत बिगत आर्थिक बर्ष देखी संचालन भै सम्पन्न हुन बाकी योजनाहरु ३५ वटा रही कार्यान्वयन चरण मै रहेका छन ।



Scanned with CamScanner

➢ ठेक्का किन नतोडने सम्बन्धी सार्बजनिक सूचना प्रकासित भएका योजनाहरुको संख्या २५ रहेका छन

## ८.आम्दानी,खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण हाल सम्मको

### क) राजश्व सँकलन तथा बेरुजु सम्बन्धी विवरण

| क्र. सं. | राजश्व शीर्षक | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | अन्य प्रशासनिक सेवा शुल्क | रु २४९९३१३ | |
| २ | प्रशासनिक दण्ड जरिवाना र जफत | रु १५८९१६ | |
| ३ | बेरुजू | रु ८२२५६८ | |

### ख) कार्यालय जम्मा बजेट तथा हाल सम्मको खर्च सम्वन्धी विवरण

| क्र. सं. | बजेट शीर्षक | बार्षिक बजेट | आ. व. २०८२/०८३को चैत्र मसान्त सम्मको खर्च |
|---|---|---|---|
| १. | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुच सुधार परियवजना संघ ससर्त अनुदान (३३७९११३४४) | रु४५५००००० | ६९६२१२६ |
| २. | प्रदेशिक तथा स्थानीय सडक सूधार कार्यक्रम(३३७९११३८४) | रु१७५२००००० | २९८७५८४२ |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ३ | पूर्वाधार विकास कार्यालयहरु (३३७०१०१२४) | रु ११७९७१६००० | ४७७८१९७९५ |
| ३ | प्रदेश तर्फ चालु बजेट | रु ९९६४००० | रु ६९६२१२६ |
| | | | |

## ९. ऐन, नियम, विनिमय वा निर्देशिकाको सूची

कार्यालय संग सम्बन्धित ऐनहरु कार्यालयको वेभसाईटमा उपलब्ध गराईएको छ । अन्य कार्यालयसँग सम्बन्धित डकुमेन्टहरुलाई पनि कार्यालयको वेभ साईटमा राखिएको छ ।

## १०. सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय:-

माग गरिएको सूचना ऐन नियमावलीले तोकेको समयावधी भित्रै उपलब्ध गराउने गरिएको ।

## ११. सूचना प्रकाशन सम्बन्धी विवरण:-

यस कार्यालयबाट प्रकाशन गरिने सूचनाहरु तथा सँचालित योजना तथा कार्यक्रम र खर्च सम्बन्धी आवधिक र बार्षिक प्रतिवेदनहरु सार्वजनिक जानकारीकोलागि कार्यालयको वेभसाइट तथा सूचना पाटीमा टांस गर्ने गरिएको तथा लिखित रुपमा माग भएका सूचना लिखित रुपमा र मौखिक रुपमा माग गरिएका सूचनाहरु मौखीक रुपमै र फोन बाट पनि सूचना उपलब्ध गराउने गरिएको छ।

## १२. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम , पद र सम्पर्क नम्बर

क) कार्यालय प्रमुख : पदम बहादुर मडै
पद : ईन्जिनियर
सम्पर्क नम्बर : ९८५८०७४२४७
Email- madaipadam123@gmail.com

ख) सूचना अधिकारी : लक्ष्मणराज जोशी
पद : अधिकृत छैटौं (प्रशासन)



Scanned with CamScanner

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
कञ्चनपुर

सम्पर्क नम्बर : ९८५८७७६८९२
email : joshilaxmanraj225@gmail.com

१३. पूर्वाधार विकास कार्यालय कन्चनपुरको वेवसाईट तथा सम्पर्क ठेगाना:-

वेभसाईट: idokanchanpur.sudurpashchim.gov.np
ईमेल:- idokanchanpur@gmail.com
सम्पर्क नं.०९९-५२४२७८, ०९९-५२०६०९
ठेगाना : पूर्वाधार विकास कार्यालय
भिमदत्त नगरपालिका वार्ड नं ४ कञ्चनपुर ,
सुदूरपश्चिम प्रदेश



Scanned with CamScanner